# मिक्लाजुङ गाउँपालिकाको
# आ.व. २०८०/२०८१ को
# विनियोजन विधेयक

**गाउँ सभाबाट स्वीकृत मिति : २०८०/०३/०८**

विनियोजन विधेयक

**मिक्लाजुङ गाउँपालिका पाँचथर**

**कोशी, प्रदेश नेपाल**

# मिक्लाजुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, पाँचथर
## विनियोजन बिधेयक २०८०

मिक्लाजुङ गाउँपालिका, पाँचथर को आर्थिक बर्ष २०८०।२०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक

**प्रस्तावना** :मिक्लाजुङ गाउँपालिका, पाँचथर २०८०।२०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको सं वधानको धारा २२९ को उप-धारा (२) बमोजिम मक्लाजुङ गाउँपा लका, पाँचथरको गाउँ सभाले यो बिधेयक बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>**

(१) यस बिधेयकको नाम "मिक्लाजुङ गाउँपालिका पाँचथरको विनियोजन बिधेयक" रहेको छ ।

(२) यो बिधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक</u>**

आर्थिक वर्ष २०८०।२०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१, मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५७,१०,९०,४००।-(अक्षेरुपी सन्ताउन करोड दश लाख नब्बे हजार चार सय रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **<u>विनियोजन :</u>**

१. यस बिधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।२०८१ को निमित्त मिक्लाजुङ गाउँपालिका, पाँचथरको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२. उपदफा मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका (१), वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा

विनियोजन विधेयक

बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३. उपदफा मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

विनियोजन विधेयक

अनसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९(२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

| क्र सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १. | १. | गाउँ कार्यपालिका (वडा तर्फ/विषयगत शाखा समेत) | ११,७८,२१,२२०.०० | ९,६३,९९,१८०.०० | २१,४२,२०,४००.०० |
| २. | २. | शसर्त अनुदान नेपाल सरकार | २६,२५,००,०००.०० | ३,७७,००,००० | ३०,०२,००,०००.०० |
| ३. | ३. | विशेष अनुदान प्रदेश सरकार | ०.०० | १,३१,००,००० | १,३१,००,०००.०० |
| ४. | ४. | समपुरक अनुदान संघीय सरकार | ०.०० | २,००,००,००० | २,००,००,०००.०० |
| ५. | ५. | शसर्त अनुदान प्रदेश सरकार | २०,५७,०००.०० | ११५१३०००.०० | १,३५,७०,०००.०० |
| ६ | ६ | समपुरक अनुदान प्रदेश सरकार | | १,००,००,०००.०० | १,००,००,०००.०० |
| **जम्मा** | | | **३८,२३,७८,२२०.००** | **१८,८७,१२,१८०.००** | **५७,१०,९०,४००.००** |

विनियोजन विधेयक